संघीय संसद

प्रतिनिधि सभा

अर्थ समिति

मितिः २०७७/०४/०१

बैठक संख्याः ९७

समयः दिनको ०१:०० बजे

अर्थ समितिको आज मिति २०७७/०४/०१ गते बसेको वैठकमा आ.व. ०७७/७८ को मौद्रिक नीतिका सम्बन्धमा समितिको मिति २०७७/०३/२९ गते नेपाल राष्ट्र बैंकका गभर्नरसँग भएको छलफल र समितिका माननीय सदस्यहरुको सुझाव समेतलाई समावेश गरी नेपाल राष्ट्र बैंकलाई देहायबमोजिमको निर्देशन दिने निर्णय भयो।

- कोभिड १९ ले अर्थतन्त्रमा पारेका नकारात्मक असरलाई सम्बोधन गर्न आ.व. ०७७/७८ को बजेटले घोषणा गरेका राहात तथा सुविधा राष्ट्र बैंक मार्फत कार्यान्वयन गरिने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने,
- कोभिड १९ ले अर्थतन्त्रका विभिन्नर क्षेत्रका उद्योग व्यवसायमा पारेको प्रभाव विश्लेषण गरी ति उद्योग व्यवसायमा प्रवाह भएको कर्जाको प्रभावको आधारमा पुनर्संरचना, व्याज पूँजीकरण र पुनरतालिकीकरण गर्ने,
- मौद्रिक नीतिले वृहत आर्थिक स्थायित्व कायम गर्ने, अर्थतन्त्रको तिव्र वृद्धि समेत गर्दै दिगो विकासमा जोड दिने, वित्तीय सेवाको पहुँच अभिवृद्धि, वित्तीय क्षेत्रको स्थायित्व, सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास साथै समष्टिगत आर्थिक नीति र वित्त नीतिका लक्ष्य उद्देश्य पूरा गर्ने दिशा तर्फ केन्द्रित प्राथमिकतालाई ध्यान दिने,
- घरेलु, साना तथा मझौला उद्यम तथा कोरोना प्रभावित पर्यटन व्यवसायका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालन लगायत कोभिड १९ को कारणले संकटग्रस्त भएका सबै क्षेत्रलाई समेट्ने गरी ५ प्रतिशत व्याजमा कर्जा उपलब्ध गराउन बजेटमा उल्लेख भएको रु ५० अर्वको कोष यथाशीघ्र खडा गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने र उक्त सहुलियतपूर्ण कर्जाको सुविधाबाट रोजगारी खोस्ने व्यवसायीहरुलाई वञ्चित गर्ने,
- कोरोनाबाट प्रभावित कृषि, घरेलु, साना तथा मझौला उद्योग उत्पादनमूलक उद्योग, होटल, पर्यटन, सार्वजनिक यातायात लगायतका क्षेत्रका उद्योग व्यवसायलाई ५ प्रतिशत सम्मको

सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकले उपलब्ध गराउने रु १ खर्व सम्मको पुनरकर्जा सुविधा यथाशीघ्र कार्यान्वयनमा ल्याउने,

- बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तरगत वाणिज्य बैंकले प्रति शाखा कम्तिमा १० र विकास बैंकले प्रति शाखा कम्तिमा ५ जनाको दरले सहुलियतपूर्ण कर्जा उपलब्ध गराई रोजगारी सिर्जना गर्ने विशिष्ट कार्ययोजना बनाई यथाशीघ्र लागू गर्ने,
- विगत देखि नै अनिवार्य रुपमा बैंकहरुले लगानी गर्नुपर्ने भनी छुट्याइएका क्षेत्र र बजेटले गरेका नयाँ व्यवस्था अनूरुपका क्षेत्रमा समेत अनिवार्य रुपमा लगानी हुने व्यवस्था गर्ने,
- बैंक तथा वित्तीय संस्थाहरुले निर्धारण गर्ने व्याजदर बैंकहरुको मिलेमतोमा नभई माग र सन्तुलनको आधारमा निर्धारण गर्ने र तरलताको अवस्थामा हुने उतारचढावमा न्यूनीकरण गर्ने नीतिगत व्यवस्था गरी कर्जाको व्याजदर एकल अङ्क (single digit) भित्र हुने वातावरण तयार गर्ने,
- धेरै संख्याका साना व्यवसायीहरुले समेत पाउन सक्ने गरी पुनरकर्जा प्रवाह सम्बन्धी कार्यविधि बनाई लागू गर्ने,
- वर्तमान परिस्थितिमा अर्थतन्त्रका हरेक क्षेत्रले अनुत्पादनशील क्षेत्रका खर्च कटौती गरी संघ संस्थाहरुलाई मितव्ययी र नतिजामूखी बनाउनुपर्ने आवश्यकता देखिएकोले बैंक तथा वित्तीय संस्थाहरुले समेत अनुचित खर्च कटौती गरी कोषको लागत कम गर्दै सुलभ र सहुलियतपूर्ण कर्जा साथै बैंक तथा वित्तीय संस्थाहरुको प्रतिफलमा सन्तुलन ल्याउने गरी मौद्रिक नीति ल्याउने,
- अवैधानिक बाटोबाट आउने विप्रेषणलाई वैधानिक माध्यमबाट भित्र्याउनको लागि विप्रेषण पठाउँदा लाग्ने लागत कम गर्न नेपालीहरु धेरै संख्यामा रहेका मुलुकहरु, जि.टू.जि मोडलबाट वैदेशिक रोजगारीमा कोरिया र जापानमा रहेका नेपाली कामदारहरु तथा अन्य श्रम सम्झौता भएका देशहरुमा रहेका नेपाली कामदारहरुले पठाउने विप्रेषण लागत न्यूनीकरण गर्न प्रवर्द्धनात्मक र नियन्त्रणात्मक उपाय अवलम्बन गर्ने,
- विप्रेषणबाट आउने रकमसँग सम्बन्धित कारोबार नेपाल क्लियरिङ्ग हाउस लिमिटेडको अनलाइन भुक्तानी प्रणालीको Connect IPS को माध्यमबाट Instant Account Deposit निशुल्क गरी विप्रेषण प्राप्तिमा नगद रहित कारोबारलाई प्रोत्साहन गर्ने,
- सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार नहुंदा ऋणपत्रको दीर्घकालीन प्रतिफल आर्जन रेखा (Long-term yield curve of the bond) तयार हुन नसकेकोले यस्तो रेखा तयार हुने गरी

ऋणपत्रको कारोवार गर्न सक्दा संस्थागत क्षेत्रको ऋणपत्रको व्याजदर निर्धारण गर्न सहज हुने साथै यसले गर्दा धितोपत्रको दोस्रो बजार सकृय भई डेरिभेटिभ्स् उपकरण निष्काशन तथा कारोवारका लागि उपयुक्त वातावरण बनाउने,

- खराब सम्पत्तिको उचित रूपमा व्यवस्थापन गर्न अधिकार सम्पन्न सम्पत्ति व्यवस्थापन कम्पनी (Assets Management Company) तत्काल स्थापना गर्ने,
- संस्थागत सुशासनलाई सबैभन्दा बढी प्राथमिकता दिदै बैङ्क तथा वित्तीय संस्थालाई दिशाबोध गर्ने सञ्चालक एवं संस्थापकहरूले व्यक्तिगत हित र स्वार्थ भन्दा संस्थाको हितलाई प्राथमिकता दिने,
- आधार व्याजदर निर्धारण गर्दा उपयुक्त शिर्षकहरु मात्र समावेश गरी वस्तुनिष्ठ र वैज्ञानिक बनाउने,
- लगानीमैत्री वातावरणको लागि आधार व्याजदर र ऋणको व्याजदरमा फरक एउटा वर्गका सवै बैंक तथा वित्तीय संस्थामा एउटै दर हुने व्यवस्था गर्ने,
- नेपाल राष्ट्र बैंकले गुनासो व्यवस्थापनका सम्पूर्ण प्रकृयाहरु Online System बाट गर्ने व्यवस्था गर्ने,
- बैंक तथा वित्तीय संस्थाको सबै सुपरभिजन तथा नियमन गर्न सक्ने गरी कर्मचारीको क्षमता र प्रविधिको विकास गरी Risk based supervision मा व्यापकता ल्याउने ।

................ .....................

**(सुरेन्द्र अर्याल)** **(कृष्ण प्रसाद दहाल)**

समिति सचिव सभापति